# सिद्धिचरण नगरपालिका, ओखलढुङ्गा

## कोशी प्रदेश, नेपाल

# स्थानीय राजपत्र

**खण्ड ५)** **सङ्ख्या : ४१** **प्रकाशित मिति : २०८०/०२/११**


## भाग–२

सिद्धिचरण नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा (४) ले दिएको अधिकार प्रयोग गरी नगर कार्यपालिकाबाट जारी भएको तल लेखिए वमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**कार्यपालिकाबाट स्वीकृत मितिः** २०८०/०२/०७

**प्रमाणीकरण मितिः** २०८०/०२/०९

## "अल्पकालिन सुरक्षित अवास गृह (सेफ हाउस) सञ्चालन कार्यविधि, २०८०"

**प्रस्तावनाः**

ओखलढुंगा जिल्ला भित्र  बसोवास गर्ने हिंसाबाट प्रभावित भई जिउ ज्यान बचाउन असहज परिस्थितिमा रहेका महिला तथा बालिकाहरुलाई अल्पकालिन सुरक्षित अवासगृह (सेफ हाउस) संचालन तथा व्यवस्थापन व्यवस्थित र प्रभावकारी रुपमा सेवा प्रदान गर्ने उदेश्यले स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को (२) बमोजिम यो कार्यविधि बनाएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) कार्यविधिको नाम "अल्पकालिन सुरक्षित आवास गृह (सेफ हाउस) संचालन कार्यविधि, २०८०" हुनेछ ।

(२) यो कार्यविधि तुरुन्त लागू हुनेछ ।

**२. परिभाषाः-** यस कार्यविधिमा विषय र प्रसंगले अर्को अर्थ नलागेमा ,

**(क) "अल्पकालिन सुरक्षित आवास गृह (सेफ हाउस)"** भन्नाले ओखलढुङगा जिल्ला भित्र बसोवास गर्ने असहाय हिंसा प्रभावित महिला तथा बालिकालाई सुरक्षित एंव व्यवस्थित ढंगले राख्ने या कार्यविधि बमोजिम तोकिएको घर तथा कम्पाउण्डलाई सम्झनु पर्दछ ।

**(ख)"नगर प्रमुख"** भन्नाले सिद्धिचरण नगरपालिकाको प्रमुखलाई सम्झनुपर्छ ।

**(ग)"नगर उप- प्रमुख"** भन्नाले सिद्धिचरण नगरपालिकाको उप-प्रमुखलाई सम्झनु पर्छ ।

**(घ) "प्रमुख प्रशासकिय अधिकृत"** भन्नाले सिध्दिचरण नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई जनाउँछ ।

**(ङ) "समिति"** भन्नाले यस कार्यविधिका दफा ४ बमोजिम गठन हुने समितिलाई जनाउछ ।

**(च)"महिला, किशोरी र १८ वर्ष मुनिका बालिका "** भन्नाले हिंसाबाट प्रभावित भएका असहाय महिला र बालिकाको हकमा १८ वर्ष उमेर सम्मका असहाय हिंसा प्रभावित बालिकालाई जनाउँछ ।

**(छ)"जोखिममा रहेका"** भन्नाले हिंसाबाट प्रभावित भएका महिला तथा बालिकालाई यथा स्थानमा राख्दा जिउँ ज्यानमा असर पर्न सक्ने

अवस्थालाई सम्झनु पर्दछ ।

**(ज)"निकाय"** भन्नाले हिंसा प्रभावित महिला तथा बालिकाहरुलाई आर्थिक सहयोग, उपचार, शारारिक, कानूनी उपचार, क्षमता अभिवृद्धि सीपमूलक तालिम प्रदान गर्ने सरकारी कार्यालय वा साझेदारि संस्था र निकायलाई सम्झनु पर्दछ ।

**(झ) "कार्यालय"** भन्नाले सिध्दिचरणनगरपालिका कार्यालयलाई सम्झनु पर्छ ।

**(ञ) "बालक"** भन्नाले हिंसा प्रभावित महिलाले स्तानपान गराईरहेको ५ वर्ष वा आमासँग आएका ८ वर्ष मुनिका सम्मको बालकलाई सम्झनु पर्दछ ।

**(ट) "सुरक्षित व्यक्ति"** भन्नाले सुरक्षित आवास गृह (सेफ हाउस) मा रहेका उपदफा (च) बमोजिमको व्यक्तिलाई सम्झिनु पर्छ ।

## परिच्छेद-२

## व्यस्थापन समिति सम्बन्धी व्यवस्था

**३. व्यवस्थापन समितिः**

(१) असुरक्षित महसुस गरि न्याय माग्न आउने महिला तथा बालिकाहरुलाई सुरक्षित आवासगृहमा सुरक्षित तवरले तोकिएका समय सम्म राख्न र तत् सम्बन्धि आवश्यक ब्यवस्था गर्न एक अल्पकालिन सुरक्षित आवासगृह व्यवस्थापन समिति देहाय बमोजिम गठन गिरिनेछ ।

| | |
|---|---|
| क. नगर उप-प्रमुख | संयोजक |
| ख. सेफ हाउस संचालन भएको वडाका अध्यक्ष | सदस्य |
| ग. नगरकार्यपालिका सदस्य मध्येबाट नगर प्रमुखले ताकेका १ जना | सदस्य |

घ. संयोजकले तोकेको महिला वडा सदस्य मध्ये १ जना सदस्य

ङ) स्वास्थ्य चौकीको प्रमुख सदस्य

च) जिल्ला प्रहरी वा प्रहरी ईलाका चौकी कार्यालय प्रमुख सदस्य

छ) आवासगृह संचालनमा गर्ने संस्थाबाट समितिले तोकेको २ जना सदस्य

ज) महिला तथा बालबालिकाको क्षेत्रमा जिल्ला भित्र काम गर्ने गैर सरकारी संस्थाहरु मध्येबाट संयोजकले तोकेको १ जना सदस्य

झ) महिला तथा बालबालिका शाखा प्रमुख सदस्य सदस्य-सचिव

२) समितिको बैठक आवश्यकता अनुसार तथा आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

३) उपदफा (१) को (छ) र (ज) बमोजिमको सदस्यहरुको पदावधि ३ वर्षको हुनेछ ।

४. **समितिको काम, कर्तब्य र अधिकारः** अल्पकालिन सुरक्षित आवासगृह व्यवस्थापन समितिको काम , कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछः-

क) ओखलढुङगा जिल्ला क्षेत्रभित्र बसोवास गर्ने जोखिममा रहेका हिंसाबाट प्रभावित महिला तथा बालिकाहरु पहिचान गरि आवास गृहमा राख्ने व्यवस्था गर्ने ।

ख) अल्पकालिन सुरक्षित आवास गृह सञ्चालान व्यवस्थापनका लागि प्राप्त भएकको रकम र कार्य प्रगति प्रतिवेदन तयार पारि दुई मासिक रुपमा नगरपालिका कार्यालयमा बुझाउँने ।

ग) अल्पकालिन सुरक्षित आवासगृहका सुरक्षा व्यवस्थाका अनुगमन र नियमन कार्य गर्ने ।

घ) महिला तथा बालिकाका स्वास्थ्य सुरक्षा र कानूनी सहायता सम्बन्धी कार्य गर्ने ।

ङ) सेफ हाउसमा रहेका हिंसा प्रभावितहरुको क्षमता विकास सम्बन्धी तालिम संचालनका लागि आवश्यक प्रबन्ध गर्ने ।

च) नगर सभाबाट तोकिएको मापदण्ड अनुसार गर्ने सम्बन्धी निर्णय गर्ने ।

छ)जोखिममा रहेका हिंसाबाट प्रभावित महिला तथा बालिकाहरुको हितमा स्वास्थ्य तथा कानूनी उपचारका लागि अन्य सहयोगी निकायमा आवश्यकताका आधारमा सिफारिस गर्ने।

ज) सुरक्षित आवास गृह संचालनमा सहजता प्रदान गर्न बजेट र कार्यक्रमको परिधिभित्र रहि कर्मचारी व्यवस्था गर्न वा कुनै निकायबाट जनशक्ति प्राप्त हुने भएमा प्राप्त गर्न कार्यपालिकालाई सिफारिस गर्ने ।

झ) सेफ हाउस संचालन व्यवस्थापनको लागि समितिले संघ संस्था संग आवश्यक सहकार्य गर्न सक्नेछ ।

ञ) अन्य काम कर्तव्य र अधिकार कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

## परिच्छेद-३

## आवास गृहका न्यूनतम मापदण्ड तथा सेवा

५. **न्यूनतम मापदण्डः** सुरक्षित आवासगृह सेफ हाउस मा देहायको मापदण्ड हुनुपर्नेछ ।

**१) आवास गृह परिसर अन्तर्गतः-**

क) कोहि प्रवेश गर्न नसक्ने गरि चारैतिर अग्लो पर्खाल वा तारबारले घेरिएको,

ख) आवासगृह परिसर भित्रगृह अनुसारको खुल्ला ठाँउ रहेको

ग) आवागमन नियन्त्रण गर्न सक्ने गरि बलियो प्रवेशद्वर भएको

घ) सुरक्षाको दृष्टिकोणले उपयुक्त स्थान ।

**२) आवास गृह भित्र रहने सुविधाः**

क) दुवैपट्टी झ्याल राखिएको वा हावा ओहोरदोहोर हुन सक्ने कोठाहरु भएको,

ख) प्रत्येक व्यक्तिका लागि छुट्टाछुट्टै खाटको र कपडा व्याग राख्न दराजको व्यवस्था भएको,

ग) अवस्था अनुसार किशोरि र बालकको लागि अलग्गै कोठा हुनु पर्नेछ,

घ) मनोसामाजिक विमर्श ( psycho- social Counseling ) का लागि छुट्टै कक्ष हुनुपर्ने,

ङ) मनोरञ्जन, अन्तरक्रियाको लागि साझा कक्ष (Common Room ) हुनु पर्ने,

च) शौचालय तथा स्नान कक्ष,

छ) साझा टेलिभिजन हेर्न र पत्रपत्रिका पढ्ने कक्ष,

ज) मौसम हेरि पंखा वा हिटर र जुलाको व्यवस्था,

झ) स्वच्छ खानेपानी र सरसफाईमा प्रयोग हुने सामग्री स्याम्पू सावुनहरु लगायत,

ञ) सुरक्षाका लागि आवश्यक्ता अनुसार पाले वा सुरक्षा गाँर्ड पहरा दिने,

ट) फोहोर व्यवस्थापनको लागि डस्विन वा टोकरी लगायत ।

**३) आवास गृहको भान्छा कोठामा आवश्यक सामग्रीः**

क. खाना पकाउन ग्याँस सिलिन्डर चुलो र दउरा

ख. पकाउने आवश्यक पर्ने भाँडाकुडाहरु र काट्ने सामग्रीहरु

ग. खाना खानाको लागि आवश्यक पर्ने थाल कचौरा गिलास चम्चा

लगायत सामानहरु

घ. भान्छा कोठामा आवश्यक पर्ने सावुन पानी राख्ने फिल्टर हात पुछ्ने तौलिया साथै बसेर खानेठाँउमा टेबल कुर्सी सुकुल पिड्का लगायत

**४) दैनिक खानेकुराः दैनिक खानेकुराका व्यवस्था गृहभित्र नै देहाय बमोजिम गर्नुपर्नेछ ।**

क. बिहान चया सँगै हलका खाजा

ख. बिहान ९-३० बजे खाना

ग. अपरान्ह दिउसा २-३० बजे पूर्ण खाजा सँगै चिया

घ. बेलुकी ७-३० बजे खाना

ङ. मांसाहारीको लागि हप्तामा एकपल्ट माछा वा मासु तथा सकाहारीहरुको हकमा दुध दहि पनिर वा फलफूल

च. गर्भवती महिला र बिरामी सेवाग्राहीहरुको लागि थप आहार पोषणयूक्त खानेकुराहरु

छ. भान्छा कोठामा आवश्यक पर्ने सबै रासन तरकारी लगायत सामग्रीहरु

**५) सेफ हाउसको सामाजिक वातावरणः**

(१) सेफ हाउसमा अप्नाउनु पर्ने ४ सिद्धान्तमा आधारित भएर सेवा दिनेछ ।

क. प्रभावित महिलालाई ममतामय सहानुभुतिपूर्ण एवं सम्मानजनक व्यवहार र आधार गरिनेछ । साथै प्रभावितको गुनासो सक्रिया सुनाई गर्ने ।

ख. प्रभावित महिलाका पहिचानका आवश्यक्ता अनुसार गोपनियता कायम राख्ने व्यवस्थाका साथै ईच्छा विपरितका कुनै पनि कार्य गर्न बाध्य पारिने छैन ।

ग. आवासगृहमा अनुमति प्राप्त चिकित्सक कर्मचारी सफाईकर्मी लगायतका अत्यावश्यक व्यक्ति बाहेक बाहिरका कसैलाई पनि प्रवेश गर्न मनाही हुनेछ ।

घ. सेफ हाउसको व्यवस्था सम्बन्धि जानकारीमुलक सूचना बोर्ड तयारी गरि राख्नुपर्नेछ ।

**६) आवास गृहबाट प्रदान गरिने सेवाहरुः**

१. स्वास्थ्यपचार सेवाः सुरक्षित आवास गृह सेफ हाउसमा देहायका स्वास्थ्य उपचार सेवाको सुनिश्चित गर्नु पर्नेछ।

क. प्राथमिक उपचार बक्सको व्यवस्था,

ख. समस्या हेरि नियमित उपचार चेकजाँच तथा उपचार सेवा,

ग. आकस्मिक उपचार सेवा,

घ. बालबालिकाको हकमा उमेर अनुसार लगायनु पर्ने खोप सेवा

ङ. हिंसा प्रभावित महिला बालिका तथा बालबालिकाहरु गृहमा रहदा कुनै जटिल स्वास्थ्य समस्या भई नगरपालिकाको स्वास्थ्य संस्थाहरुमा उपचार गराउन नसकिने अवस्थामा समितिले अन्य स्थानका स्वास्थ संस्थालाई सिफारिस गर्ने

२. मनोसामाजिक विमर्श सेवाः तालिम प्राप्त मनोसामाजिक विमर्शकर्ताबाट देहाय बमोजिम सेवा प्रदान गरिनेछ ।

क. संरक्षित व्यक्ति प्रत्येकलाई हप्तामा एकपल्ट नियमित मनोसामाजिक सेवा

ख. संरक्षित व्यक्तिका मनोदशा हेरी थप आवश्यक सेवा दिने

३. कानूनी परामर्श सेवाः संरक्षित व्यक्तिलाई प्रचलित कानून बमोजिमका हक तथा न्याय प्राप्त गर्न थप कानूनी उपचार आवश्यक्ता देखिएमा निजलाई निशुल्क आवश्यक कानूनी

परामर्श सेवा प्रदान गर्नु पर्नेछ ।

४. आवासगृहमा रहेका प्रभावितहरुलाई मनोरन्जन तथा ज्ञान विकासका लागि पुस्तक लेख रचना दैनिक पत्रपत्रिकाहरु टेलिभिजनका व्यवस्था रहनेछ ।

५. अन्य सेवा संरक्षित व्यक्तिको अवस्था हेरि एक एक जोर जुत्ता चप्पल र एकसरो लगाउने लुगा भित्री कपडाहरु र कस्मेटीक सामग्रीहरु उपलब्ध गराउने सकिनेछ । साथै समितिले आवश्यक्ता महसुस गरि सिफारिस भई कार्यपालिकाबाट स्वीकृत गरेका अन्य सेवाहरु ।

## परिच्छद-४

## बजेट स्रोत तथा खर्च सम्बन्धी व्यवस्था

**७. बजेटको व्यवस्थाः** सुरक्षित आवासगृह संचालन तथा व्यवस्थापन गर्न देहायका स्रोतबाट बजेटका व्यवस्था गरिनेछ ।

क. सुरक्षित आवासगृह संचालन तथा व्यवस्थापनका लागि नगर सभाबाट विनियोजित बजेट

ख. विभिन्न संघ संस्था तथा दातृ निकायबाट प्राप्त अनुदान रकम

ग. अन्य गाँउपालिकाहरुबाट प्राप्त अनुदान रकम

घ. अन्य सहयोगि व्यक्ति र दाताहरुबाट प्राप्त जिन्सी तथा चन्द सहयोग

**८. खर्च गर्ने आधारहरुः**

१. सेफहाउस संचालनका लागि विनियोजित प्राप्त रकमका परिधि भित्र रहि घर भाडा मालसामान औषधीपचार कानूनी उपचार घर फिर्ता साम्प्रेषन खानेकुरा मनोसामाजिक विमर्श संचार यातायात खर्च कर्मचारीका पारिश्रमिक कार्यालय सामग्री सिपमुलक तालिम र

अतिरिक्त कृयाकलाप गराउने सामग्री खरिद ममर्त सम्भार लगायत अन्य भैपरि आउने खर्चहरु समेत गर्न सकिनेछ । उक्त रकम आवस्यक्ता अनुसार समितिको निर्णय अनुसार स्वीकृत गरि लागु गरिनेछ ।

२. सुरक्षित आवासगृह संचालन तथा व्यवस्थापनमा दफा ७ ख. र ग. बमेजिम प्राप्त रकम खर्च गर्दा समितिका सिफारिसबाट कार्यपालिकाका निर्णय बमेजिम गर्नु पर्नेछ ।

## परिच्छेद-५

## पुनः स्थापना तथा अनुदान

**९. जिविकोपार्जन तथा सीप विकास तालिमः**

१. लामो समय सम्म सुरक्षित आवासगृहमा बस्नु पर्ने अवस्थाका संरक्षित व्यक्तिलाई गृहमा रहदाँ निजलाई जिविकोपार्जन सम्बन्धि सिप विकास तालिम प्रदान गर्नु सकिनेछ ।

२. समितिले संरक्षित व्यक्तिका थप क्षमता विकास तथा आय आर्जनका लागि सरोकारवाला तथा सम्बन्धित निकायमा समन्वय र सिफारिस गर्न सकिन्छ ।

३. अन्य पालिकाका असहाय हिंसा प्रभावित महिला तथा बालिकाका हकमा आवासगृहमा रहदा सम्म लाग्ने खर्च सम्बन्धित पालिकाले व्यवस्था गर्ने सुनिश्चितता सहितका सिफारिस भई आएमा आवासगृहमा राख्न सकिनेछ । यसरी हुन गएका खर्च रकम सम्बन्धित पालिकाले भुक्तानी गर्नु पर्नेछ ।

४ आपतकालिन अवस्थाका हिंसा प्रभावित महिलालाई अवस्था हेरि १ देखि ७ दिन/ ७ देखि २१ दिन सम्म आवास गृहमा राख्न सकिनेछ । साथै अरु थप समय राख्नु पर्ने भएमा समितिको

बैठकबाट निर्यण गरि समय अवधि थप गर्न सकिन्छ ।

**१०. पुनर्मिलन तथा सामाजिक पुनस्थापनाः**

१. सुरक्षित आवासगृह व्यवस्थापनमा खटिएको कर्मचारी समितिले सुरक्षित व्यक्तिका अभिभावक तथा आफन्त सँग छलफल परामर्श गरि निजलाई तत्काल घर फर्किने वातावरण सिर्जना गर्नु पर्नेछ ।

२. उपदफा १. बमेजिम छलफल गरि पुनर्मिलनका बातावरण सिर्जना भएमा आवासगृहका कर्मचारी र समितिका रोहोवरमा अभिभावक तथा आफन्तलाई जिम्मा लगाई घर फिर्ता गरिनेछ ।

३. उपदफा २ बमोजिम संरक्षित व्यक्ति घर फिर्ता भएमा निजलाई जिविकापार्जन अनुदानका लागि व्यवस्थापन समितिको निर्णय अनुसार बिउपुँजी अनुदान स्वरुप बढीमा २५०००/ पच्चिस हजार रकम उपलब्ध गराउन सकिनेछ ।

## परिच्छेद-६
## विविध

**११. समन्वयः** प्रभावित बालिका भएमा बालबालिकाका क्षेत्रमा काम गर्ने विभिन्न संघ संस्था संग समन्वय गरि उचित सेवा सुविधाको व्यवस्था गर्ने प्रयास गरिनेछ ।

**१२.अनुमति लिनुपर्नेः**

१) आवास गृहमा बसेको प्रभावितलाई भेट्न आउने व्यक्तिले प्रभावितका स्वीकृति भएमा मात्र भेट्न पाउनेछ । यसरी भेट्ने आउने व्यक्तिले कार्यालय समय भित्र आवासगृहका प्रमुख कर्मचारीलाई जानकारी गराई अनुमति लिनु पर्नेछ ।

२) आवास गृहमा सरोकारवाला बाहेक अन्य पुरुषहरुको प्रवेश निषेध गरिनेछ र प्रभावित महिला कुनै कारणवस आवासगृह बाहिर जानु परेमा आवासगृहका कर्मचारीका अनुमति लिनुपर्नेछ र सकेसम्म आवासगृहका कर्मचारीले संगै लैजानु पर्नेछ ।

३) आवासगृहमा बसेका व्यक्ति सम्बन्धित घटनाको विषयमा निश्चित

फौसला नभए सम्म आवासगृह संचालन गर्ने संस्थाका निगरानीमा रहनेछ । निगरानीमा रहुन्जेल सम्म घर जाने आउने वा बाहिर गई बस्ने र फेरी सुरक्षा केन्द्रमा फर्कने गर्न पाइनेछैन । प्रभावित संग भएका पैसा मोवाइल लगायत अन्य सामानहरु संस्थाले सुरक्षित संग राखिनेछ ।

**१३. अभिलेख सम्बन्धी व्यवस्थाः** सुरक्षित आवासगृह संचालन तथा व्यवस्थापनमा खटिएका कर्मचारीले देहाय बमोजिम अभिलेख राख्नु पर्नेछ ।

१. प्रभावित महिलाको नाम दर्ता किताव,
२. संरक्षित व्यक्तिका दैनिक हाजिरी किताव,
३. प्रभावित महिलाको व्यक्तिगत गोप्य फायल,
४. सुरक्षित आवासगृह व्यव्स्थापन समितिको निर्णय किताव,
५. स्वास्थ्य उपचार मनोसामाजिक विमर्श कानूनी सेवाका विवरण खुल्ने सेवा पिच्छे लागत,
६. आवासगृहमा सिर्जना भएका अन्य संस्थागत अभिलेखहरु,
७. सेवाग्राहीहरु पुनघर फर्के पछिको अवस्था बारे १ हप्ता देखि लगातर ६ महिना १ वर्ष सम्म फोनफलोप गर्ने सोको रेकर्ड राख्ने ।

**१४. यसै बमोजिम भएका मानिनेः** यो कार्यविधि लागू हुनु अगावै यो विषयसंग सम्बन्धी भए गरेका कार्यहरु यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

**१५. बाधा अड्काउ फुकाऊः** यस कार्यविधिका कार्यान्वयनमा कुनै बाधा अड्काउ उत्पन्न भएमा नगर कार्यपालिकाले फुकाउ गर्न सक्नेछ ।

**आज्ञाले**

बलराम लम्साल

प्रमुख प्रशासकीय अधिकृत